धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily    राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ३३ ◆ २०८३ भदौ २ गते मंगलबार, Tuesday, August 18, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

# मल नीतिसम्बन्धी अध्ययन गर्न कार्यदल गठन

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । सरकारले मलसम्बन्धी देखिएका समस्याहरुको अल्पकालीन र दीर्घकालीन समाधानसहितको विकल्प सिफारिस गर्न कार्यदल गठन गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको नीति विश्लेषण तथा समन्वय शाखाले सोमबार विभिन्न मन्त्रालय तथा निकायका प्रतिनिधि सम्मिलित 'मल नीतिसम्बन्धी अध्ययन कार्यदल' गठन गरेको प्रधानमन्त्री कार्यालयका प्रवक्ता सहसचिव हेमराज अर्यालले जानकारी दिनुभयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव प्रधुम्न उपाध्यायको संयोजकत्वमा गठित १२ सदस्यीय कार्यदलले कार्य प्रारम्भ गरेको ६० दिनभित्र प्रतिवेदन बुझाउने कायदिश पाएको छ। प्रवक्ता अर्यालका अनुसार कार्यदलले हालको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार मल खरिदमा देखिएका प्रक्रियागत अवरोधको विश्लेषण गरी सरलीकरणका उपाय सिफारिस गर्नेछ। साथै अन्तरराष्ट्रिय आपूर्ति शृङ्खलामा आउने उतारचढावलाई कम गर्न र ढुवानी व्यवस्थापनलाई थप चुस्त बनाउन अल्पकालीन तथा दीर्घकालीन रणनीतिको सुझाव पेस गर्नेछ। कार्यादेश अनुसार कार्यदलले स्वदेशमा प्राङ्गारिक मल उत्पादनको सम्भाव्यता र प्रयोगलाई बढावा दिन आवश्यक पर्ने नीतिगत सुधारका सुझाव पेस गर्नुका साथै रासायनिक तथा प्राङ्गारिक मलमा दिइने अनुदानबीच सन्तुलन कायम गर्ने सम्भावनाबारे पनि अध्ययन गर्नेछ । त्यसैगरी प्राङ्गारिक मलतर्फको अनुदान रकमको प्रभावकारी उपयोगका लागि विद्यमान कार्यविधि पुनरावलोकन गरी आवश्यक सुझाव दिनेछ।

प्रवक्ता अर्यालका अनुसार कार्यदल ले स्वदेशमै हरित रासायनिक मल कारखाना स्थापना वा उत्पादनको सम्भावना र त्यसका लागि आवश्यक पूर्वाधारको अवस्थाबारे अध्ययन गर्नुका साथै हाल उपलब्ध गराइँदै आएको अनुदानको वितरण प्रणाली र यसको प्रभावकारिताको पुनरावलोकन गरी सुधारका उपाय सुझाउने छ। त्यसैगरी मल आपूर्ति तथा व्यवस्थापनमा संलग्न विभिन्न निकायबीच समन्वय अभिवृद्धि गर्ने संयन्त्र प्रस्ताव गर्ने, यसअघि भएका अध्ययन प्रतिवेदनको अध्ययन र विश्लेषण गरी आवश्यक सुझाव दिने जिम्मेवारी कार्यदललाई दिइएको छ ।

कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव उपाध्याय संयोजक तथा कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठ, वरिष्ठ माटो वैज्ञानिक श्रीप्रसाद विष्ट, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव भीम भट्टराई, नेपाल विद्युत् प्राधिकरणका निर्देशक मुनिन्द्र ठाकुर, डिभिजन वन कार्यालय ललितपुरका वन अधिकृत संयोग बस्नेत सदस्य रहनुहुनेछ ।

त्यसैगरी कार्यदलमा उद्योग विभागका प्रोसेस (केमिकल) इन्जिनियर सुनिलकुमार यादव, कृषि वन तथा पर्यावरण मन्त्रालयका बाली विकास अधिकृत उज्वला साहु श्रेष्ठ, राष्ट्रिय किसान आयोग, कीर्तिपुरका पशुपंक्षी विकास अधिकृत डा सुन्दर बस्याल, प्रधानमन्त्रीका स्वकीय अनुसन्धान अधिकृत हेमनारायण दास चौधरी र अर्थमन्त्रालयका अर्थशास्त्री कृष्णप्रसाद शर्मा सदस्य हुनुहुन्छ।

## मृत्यु भएका मतदाताको विवरण अद्यावधिक गर्न आयोगको अनुरोध

काठमाडौँ । निर्वाचन आयोगले मृत्यु भएका मतदाताको विवरण अद्यावधिक गर्न अनुरोध गरेको छ ।

मतदाता नामावलीलाई शुद्ध, अद्यावधिक, विश्वसनीय तथा वस्तुगत बनाउन नियमित रुपमा मतदाता नामावली अद्यावधिक गर्न अनुरोध गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले सोमबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

कुनै मतदाताको मृत्यु भएको अवस्था भएमा निजको एकाघर परिवारका सदस्य वा अन्य कुनै व्यक्तिले मृत्युदर्ता प्रमाणपत्र सहित सम्बन्धित निर्वाचन कार्यालयमा यथाशीघ्र सूचना दिन आयोगले अनुरोध गरेको हो ।

विद्यमान मतदाता नामावलीलाई निरन्तर अद्यावधिक गर्नु निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतासँग प्रत्यक्ष रुपमा सम्बन्धित विषय भएकाले यस कार्यमा सबै नागरिकबाट सहयोग प्राप्त हुने विश्वास गरिएको आयोगको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## श्रावण शुक्ल पञ्चमीः घरका ढोकामा नागको चित्र टाँसेर मनाइयो

काठमाडौँ । प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी पर्व सोमवार घरका मूल ढोकामाथि ब्राह्मण पुरोहितबाट नागको तस्वीर टाँसी विधिपूर्वक पूजाआराधना गरेर मनाइएको छ ।

सोमबारको दिनमा घरको मूल ढोकामाथि नागको तस्विर टाँसेमा नाग, सर्प, बिच्छी जस्ता जीवबाट वर्षभरी दुःख नपाइने धार्मिक विश्वास रही आएको छ। साथै चट्याङ, अग्निभय र मेघका कारण समेत पीडित हुनु नपर्ने भन्ने कुराको उल्लेख बराह लगायतका पुराणमा गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्व सदस्य प्रा डा देवमणि भट्टराईले जानकारी दिनुभयो ।

हिजो (सोमबार)को दिन पशुपति क्षेत्रस्थित वासुकीनाथ मन्दिर, काठमाडौँको नागपोखरी र टौदह, भक्तपुरको सिद्धपोखरीलगायत नेपालभरका नागदह, नागकुण्ड र नागस्थानहरुमा नागको पूजाआराधना गरी मेला लाग्ने गर्दछ । साथै चाँगुनारायण मन्दिरलगायत देशभरका नारायण मन्दिरमा पनि भक्तजनको लाम लाग्ने गर्छ । सोमबार नाग पूजा गरेपछि खेतबारीमा खनजोत नगरी किसानले समेत आराम गर्ने परम्पर रहीआएको छ । सोमबारको दिनमा खनजोत गरेमा नाग मारिन्छन् भन्ने धार्मिक विश्वास छ । घर, खेत, बारीमा पनि नागले बास गर्छन् भन्ने वैदिक मान्यता छ ।

यसै मान्यताका आधारमा खेत बारीमा नागस्थान बनाई पूजा गरिन्छ । नागपञ्चमीका दिन विधिपूर्वक पूजा आजा गरी घरको मूल ढोकामा नाग टाँसिमा वर्षभर विद्युत, अग्नि, सर्प, चट्याङ लगायतको भय नहुने धार्मिक विश्वास समेत नेपाली समाजमा छ । नाग अर्थात् सर्पले वातावरणीय सन्तुलनका लागि समेत सहयोग गर्ने गर्छ ।

## जन्मदिनमा सुवेदीद्वारा विपन्न तथा जेहेन्दार विद्यार्थीलाई विद्यालय पोशाक वितरण

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । जिल्ला पतञ्जली योग समितिका अध्यक्ष बद्री सुवेदीले आफ्नो जन्मदिनको अवसरमा नीलकण्ठ नगरपालिका-७ स्थित कर्णेश्वर माध्यमिक विद्यालयका आर्थिक रूपमा विपन्न तथा जेहेन्दार १० जना विद्यार्थीलाई विद्यालय पोशाक वितरण गर्नुभएको छ । सोमबार विद्यालयमा आयोजित कार्यक्रममा उहाँले विद्यार्थीलाई आवश्यक विद्यालय पोशाक हस्तान्तरण गर्नुभएको हो ।

जन्मदिनलाई व्यक्तिगत उत्सवमा सीमित नराखी सामाजिक सेवासँग जोड्ने उद्देश्यले विद्यार्थीलाई सहयोग गरिएको सुवेदीले बताउनुभयो । विद्यालयमा अध्ययनरत केही विद्यार्थी आर्थिक अभावका कारण आवश्यक पोशाकको व्यवस्थापन गर्न कठिनाइमा रहेको जानकारी पाएपछि सहयोग गर्ने योजना बनाएको उहाँको भनाइ छ । विद्यालय प्रशासनले आर्थिक अवस्था कमजोर भएका तथा अध्ययनमा मेहनती विद्यार्थीको पहिचान गरी सहयोगका लागि सिफारिस गरेको थियो । सोही आधारमा छनोट भएका १० जना विद्यार्थीलाई विद्यालय पोशाक उपलब्ध गराइएको हो । कार्यक्रममा जन्मदिनको अवसरमा विद्यार्थीलाई सामूहिक रूपमा चकलेटसमेत वितरण गरिएको थियो । कार्यक्रममा जिल्ला पतञ्जली योग समितिका मन्त्री तथा बैंचा योग साधना केन्द्रका प्रभारी अम्बिका सुवेदी, कोषाध्यक्ष शरणकुमार श्रेष्ठ, जिल्ला मिडिया प्रभारी कल्पना थापा, सुन्दरबस्ती योग साधना केन्द्रका प्रभारी रेशमराज अधिकारी तथा मन्त्री भेषराज खाण ठकुरीलगायतको उपस्थिति रहेको थियो ।

विद्यालयका प्रधानाध्यापक विष्णु अधिकारीले आर्थिक रूपमा कमजोर विद्यार्थीको आवश्यकता पहिचान गरी विद्यालय पोशाक सहयोग गरेकोमा सुवेदीप्रति धन्यवाद व्यक्त गर्नुभयो। यस्तो सहयोगले विद्यार्थीलाई नियमित विद्यालय आउन र अध्ययनमा प्रोत्साहन पुग्ने उहाँले बताउनुभयो ।

सुवेदीले जन्मदिनजस्ता व्यक्तिगत अवसरलाई सामाजिक उत्तरदायित्व र मानवीय सेवासँग जोड्न सकिने बताउँदै आवश्यकतामा रहेका व्यक्तिलाई सहयोग गर्दा अवसरको सार्थकता अझ बढ्ने धारणा राख्नुभयो ।

## कानुन समयानुकूल परिमार्जन र प्रभावकारी कार्यान्वयन हुनुपर्छः सभामुख

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले समय, प्रविधि र सामाजिक आवश्यकता अनुसार कानुन बनाइनुपर्ने बताउनुभएको छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा सोमबार 'संहिता दिवस, २०८३' का अवसरमा आयोजित समारोहमा सभामुख अर्यालले नागरिकका बदलिँदा अपेक्षाअनुसार कानुनलाई समयानुकूल परिमार्जन गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

कानुन निर्माणसँगै त्यसको कार्यान्वयनको अवस्था अध्ययन, समीक्षा तथा आवश्यक सुधारका लागि सरकारलाई मार्गदर्शन गर्ने र संसदीय निगरानी गर्ने जिम्मेवारी पनि सङ्घीय संसद्को रहेको सभामुख अर्यालले बताउनुभयो । उहाँले सङ्घीय संसद् कानुन निर्माण गर्ने थलो मात्र नभई कानुनको प्रभावकारिता र कार्यान्वयनको समीक्षा गर्ने तथा नागरिकका आवश्यकता र आकांक्षाअनुरूप कानुनमा आवश्यक सुधार गर्ने प्रमुख संस्था भएको उल्लेख गर्नुभयो ।

"कानुन निर्माण र कार्यान्वयन कुनै एक संस्था वा निकायको मात्र जिम्मेवारी होइन", सभामुख अर्यालले भन्नुभयो, "व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, कानुन व्यवसायी, राष्ट्रसेवक कर्मचारी, प्राज्ञिक क्षेत्र, नागरिक समाज र आम नागरिकबीचको निरन्तर संवाद, सहकार्य तथा समन्वयबाट मात्र न्यायपूर्ण र प्रभावकारी कानुनी प्रणाली निर्माण गर्न सकिन्छ ।" सभामुख अर्यालले कानुन नागरिकलाई न्याय, सुरक्षा, समानता र अवसर प्रदान गर्ने माध्यम भएकाले कानुनको वास्तविक उद्देश्य प्रभावकारी कार्यान्वयन बाट मात्र पूरा हुने बताउनुभयो। कानुनको गुणस्तरसँगै यसको प्रभावकारी कार्यान्वयन, न्यायिक तथा प्रशासनिक संस्थाहरूको सुदृढीकरण र नागरिकमा कानुनी सचेतना अभिवृद्धि आवश्यक रहेको उहाँको भनाइ थियो । कानुनको भाषा सरल, स्पष्ट र नागरिकले सहज रूपमा बुझ्न तथा व्यवहारमा प्रयोग गर्न सक्ने हुनुपर्ने सभामुख अर्यालले धारणा व्यक्त गर्नुभयो। कानुनी प्रावधानहरूले जात, धर्म, लिङ्ग, वर्ग वा अन्य कुनै आधारमा हुने विभेदको अन्त्य गर्दै प्रत्येक व्यक्तिको मौलिक हक, स्वतन्त्रता र मानव अधिकारको सम्मान तथा संरक्षण सुनिश्चित गर्नुपर्ने उहाँले बताउनुभयो । सभामुख अर्यालले मुलुकी देवानी संहिता, मुलुकी अपराध संहिता लगायत संहिताहरू लागू हुनु नेपालको कानुनी इतिहासमा महत्त्वपूर्ण उपलब्धि भएको उल्लेख गर्दै संहिताहरूले नेपालको देवानी तथा फौजदारी कानुनलाई समयानुकूल, व्यवस्थित र आधुनिक बनाउँदै न्याय प्रणालीलाई थप सुदृढ गर्ने आधार तयार गरेको बताउनुभयो ।

## जापानिज इन्सेफलाइटिसबाट मृत्यु हुनेको संख्या १६

काठमाडौँ । नेपालमा जापानिज इन्सेफलाइटिस (जेइ) बाट सङ्क्रमण पुष्टि हुनेको सङ्ख्या ६३ पुगदा १६ जनाको मृत्यु भएको छ। परिवार कल्याण महाशाखाले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार हालसम्म २२ जिल्लाका ५० स्थानीय तहबाट जेइका सङ्क्रमित भेटिएका हुन् ।

देशभर ८७८ जनामा एक्युट इन्सेफलाइटिस सिन्ड्रोम (एईएस) को केश देखिएकोमा ६३ जनामा जेइ सङ्क्रमण पुष्टि भएको हो । पछिल्लो पाँच दिनमा मात्रै नौ जना नयाँ जेइ थपिएका छन् । सङ्क्रमितमध्ये ३४ पुरुष र २९ महिला छन् । ६३ सङ्क्रमितमध्ये ३१ जना उपचाररत रहेको तथ्याङ्कमा उल्लेख छ । जेइ सङ्क्रमितबाट मृत्यु भएका १६ जनामध्ये सबैले खोप नलगाएको पाइएको छ । मृत्यु हुनेमा नौ महिला र सात पुरुष छन् । मृत्यु भएका १६ जनामध्ये ८८ प्रतिशत ५० वर्षभन्दा माथिका रहेको महाशाखाको तथ्याङ्कले देखाउँछ। उमेर समूहअनुसार ६० वर्षभन्दा माथिका व्यक्तिमा जेइ सङ्क्रमणभन्दा बढी देखिएको छ । जेइबाट मृत्यु भएकामध्ये झापामा पाँच, सुनसरी र सप्तरीमा दुई-दुई तथा मोरङ, इलाम, रौतहट, धनुषा, पर्सा, काभ्रे र दाङमा एक-एक जना रहेका छन् । जेइ सङ्क्रमण नेपालको पूर्वी क्षेत्रमा देखिए पनि पछिल्लो समय पश्चिमतर्फसमेत फैलिँदै गएको छ । महाशाखाको जापानिज इन्सेफलाइटिस सम्बन्धी स्थिति प्रतिवेदन अनुसार अधिकांश जेइ सङ्क्रमित धानबारी तथा सुँगुर फार्मको आसपास बसोबास गर्ने गरेका छन् ।

सङ्क्रमितमध्ये ६२ प्रतिशतको मुख्य पेसा कृषि रहेको पाइएको छ । जेइ लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको मस्तिष्कमा सङ्क्रमण हुने गम्भीर रोग हो । यो भाइरसबाट सङ्क्रमित हाँस, कुखुराजस्ता चरा चुरुङ्गी र सुँगुरजस्ता जनावरहरुलाई लामखुट्टेले मानिसलाई टोकेमा यो रोग मानिसमा लाग्दछ । यो रोग विशेषगरी साउनदेखि कात्तिकसम्म देखिन्छ ।

## सम्पादकीय ....

# चर्चामा देउवा

शेरबहादुर देउवाका सामु विकल्प धेरै देखिँदैन। उनले विमानस्थलमा दिएको वक्तव्यमा कांग्रेसभित्र भावनात्मक एकता आवश्यक रहेको भनेका थिए । उनकै शब्दमा 'कांग्रेसभित्र भावनात्मक रूपमा एकता आवश्यक छ। यो पार्टीमा विवाद हुँदा मुलुकको राष्ट्रियता र लोकतन्त्र कमजोर हुने खतरा हुन्छ । सहमति र सहकार्यबाट मेलमिलाप गरेको अनुभव हामीसँग छ । पार्टीभित्र देखिएका असहमतिलाई सबै साथीहरूको न्याय र कदर हुने गरी बृहत्तर एकतामा बदल्नुपर्छ, व्यक्ति केन्द्रित हुनु हुन्न ।

अहिले चुनदेवीमा भने देउवाको स्वर र आशय बदलिएको सुनियो । खप्पिस राजनीतिक नेता हुन् । समयको नाडी छामेर बोल्न जानेका छन्। तर, देउवालाई कांग्रेसमा विवाद हुँदा 'राष्ट्रियता र लोकतन्त्र' कमजोर हुने साँच्चै लागेको हो भने त उनले चुनदेवीको भिडमा पनि एक्लो बृहस्पति बन्ने आँट गर्नुपर्थ्यो । जनाधार नभएर नभएका केही आकाशेबेलीलाई जोगाउन विवादको जड बलियो बनाउनुको औचित्य देउवा आफैँले खोज्नुपर्छ ।

देउवा इतर भनिएको समूहका एकमात्र सम्बल देखिन्छन्। उनको दौराको फेरोमा बाँकी अरू झुन्डिएका हुन् । नेपाली कांग्रेस विभाजन गरेर राजालाई सत्ता बुझाउने सारथी बनेका देउवालाई इतिहास सच्याउने मौका भने अझै देखिन्छ । कांग्रेसको विवादमा अदालतलाई निर्णायक बनाउनुको साटो कार्यकर्तालाई नै निर्णयको जिम्मा दिनु राजनीतिक र लोकतान्त्रिक पनि हुन्छ। यसैले अहिलेको मुद्दा फिर्ता लिन लगाए भने त्यो देउवाको नैतिक विजय पनि हुन्छ र उनी वास्तवमै अभिभावकको रूपमा स्थापित हुन्छन् । त्यससँगै देउवाले चुनदेवीलाई होइन सानेपालाई नै आफ्नो थलो बनाउनुपर्छ। देउवा सानेपा जाँदा पक्कै गगनहरूले स्वागत र सम्मान गर्नेछन् । समानान्तर पार्टी नचलाउनेबित्तिकै महाधिवेशन तयारीको निगरानी गर्ने अभिभावकीय हक देउवाको हुनेछ। उनका सल्लाह, निर्देशनको अवज्ञा गर्ने आँट कसैले गर्नेछैनन् । पन्ध्रौं महाधिवेशन गराउन अभिभावकीय भूमिका पूरा गरे भने देउवाको पुराना पाप राफसाफ पनि हुनेछ ।

संस्थापन इतरले अन्ततः डा.शशांक कोइरालालाई उनीहरूको संगठनको 'मस्कट' बनाएका छन्। तर शशांक भने आफू पार्टी फुटाएर नयाँ गठनको पक्षमा नरहेको भन्न थालेका छन्। इतर पक्षले आयोजना गरेको राष्ट्रिय भेलामा उनले भनेका छन् - 'पार्टी फुटाउने वा नयाँ पार्टी खोल्ने पक्षमा म बिल्कुलै छैन। जनताको चाहना अनुसार पार्टीलाई परिमार्जित गर्दै लैजानुपर्छ '।

इतिहास दोहोरिन्छ नै त भन्न सकिँदैन तर कतै न कतै पदचाप सुनिन्छ । पहिलो जनआन्दोलन हुन रोक्न बीपी पुत्र प्रकाश कोइरालालाई प्रयोग गरिएको थियो । जनआन्दोलनको नेतृत्व गरेका भए प्रकाश कोइराला कांग्रेसको नेतृत्वमा सहजै स्थापित हुन्थे । यसैगरी दोस्रो जनआन्दोलन बिथोल्न शशांकलाई समेत प्रयोग गर्न खोजिएको थियो भने प्रकाश त मन्त्री नै भएका थिए राजाको प्रत्यक्ष शासनमा । अहिले पनि शशांकलाई अगाडि सारिएको छ । देउवा समूहका लागि त यो 'आए आँप गए झटारो' न हो ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# देश विदेश डाक्टर पठाउँदै जुम्ला

*शुरबहादुर सिंह*

कर्णाली भन्ने बित्तिकै धेरैको दिमागमा विकट, अभाव, गरिबी, भोकमरी, अशिक्षा र रोगले ग्रसित क्षेत्र भन्ने मात्र आउँछ । कठिन, असहज र दुःख भोग्ने थलोको रुपमा बुझाउँछ। आज पनि कर्णालीप्रति हेर्ने अधिकांशको नजर सकारात्मक देखिदैन । त्यसमा अझ माथिल्लो कर्णाली भनेपछि धेरैले नाक खुम्च्याउने गर्दछन् । यद्यपि, कर्णालीको विगत अपेक्षा गरेभन्दा बढी फेरिएको छ ।

विगतमा जिल्ला अस्पताल हुँदा एकजना डाक्टर हुन्थे, जो धेरै समय जुम्लामा बस्दैनथे । स्नातक तहको सिकारु एक जना डाक्टर पाउँदा पनि जुम्लाले हिमाली जिल्लामा आफूलाई भाग्यमानी ठान्थ्यो। त्यही सिकारु डाक्टर पाउन तड्पिने जुम्लाले भने अहिले १० जनाभन्दा बढी विशेषज्ञ डाक्टर उत्पादन गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पठाइसकेको छ । एउटा डाक्टर पाउन केन्द्रलाई गुहार्दा थाक्ने जुम्लाले विशेषज्ञ डाक्टर उत्पादन गरेको छ भन्ने कुराको विश्वास धेरैलाई नलाग्न सक्दछ ।

स्वास्थ्य क्षेत्रमा जुम्लाले गरेको अभूतपूर्व सफलता पश्चिम नेपालको एउटा कोसेढुङ्गा नै सावित हुन्छ। पछिल्लो समय यसले देश तथा विदेश सेवा दिने डाक्टरहरु उत्पादन गरिसकेको छ तर यहाँ डाक्टरी पढाई होला भनेर यस अघि कोही कसैले सोचेकै थिएन किनकी यसलाई विकट भूगोल, पूर्वाधारविहीन क्षेत्र, अशिक्षा, स्रोतको अभाव, गरिबी र चेतना तथा आर्थिक दृष्टिले कमजोर ठानिन्थ्यो ।

जिल्ला अस्पतालबाट स्तरोन्नति भई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाका रुपमा स्थापना भएपछि भने यहाँको स्वास्थ्य अवस्थामा धेरै परिवर्तन भएको छ । प्रतिष्ठानले उपचार सेवा मात्र दिएको छैन, यसले विश्व विद्यालयस्तरको चिकित्सा विषयमा अध्ययन अध्यापनका साथै अनुसन्धानको कार्यलाई त्यत्तिकै अगाडि बढाएको छ। २०७७ सालमा चिकित्सा क्षेत्रमा स्नातकोत्तर तहको पहिलो ब्याचको पढाई सुरु हुँदा डा.रहिस कोजु र प्रशंसा ताम्राकार (जिपइएम) मुन्ना केशरी र बेदकुमार चौधरी (पेडियाट्रिसियन) र ललितसिंह धामी (एनेस्थेसिया) गरी पाँच विशेषज्ञ डाक्टर उपाधि हाँसिल गरे । त्यसैगरी प्रतिष्ठानले दोस्रो ब्याचमा दुई जिपीइएम, एक पेडियाट्रि-सियन, एक अर्थोपेडिक र एक एनेस्थेसिया गरी पाँच र तेस्रो ब्याचमा चार गरी १४ जना विशेषज्ञ डाक्टर उत्पादन गरेको प्रतिष्ठानका उपकुलपति प्राडा.सूर्यमान मेन्याङ्म्बोले जानकारी दिनुभयो ।

उहाँका अनुसार दोस्रो ब्याचमा पास आउट हुनुभएका पेडियाट्रिसियन डा.अकिना सैंजु अष्ट्रेलियामा चिकित्सकीय सेवा दिइहरनुभको छ। त्यस्तै, पेडियाट्रिक, जिपीइएम, अर्थोपेडिक, एनेस्थेसिया, सर्जरी र गाईनोक्लोजिष्ट विषयमा चौथो ब्याचमा चार, पाँचौ ब्याचमा नौ र छैटौं ब्याचमा दश गरी २३ विशेषज्ञ डाक्टरका लागि हाल उक्त प्रतिष्ठानमा अध्ययन भइरहेको उहाँले बताउनुभयो ।

### एमबिबिएस पहिलो ब्याच 'पास आउट'

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाले पहिलो ब्याचका एमबिबिएस डाक्टर उत्पादन गरेको छ । प्रतिष्ठानको २०८३ असार ६ गते शुक्रबार प्रकाशित नतिजा अनुसार १८ विद्यार्थी अन्तिम नतिजामा उत्तीर्ण भए। प्रतिष्ठानमा अध्ययनरत पहिलो ब्याचका २० मध्ये १८ विद्यार्थी एमबिबिएस उत्तीर्ण गर्न सफल भएको बताइएको छ। रुपन्देही बुटबलका समीरराज जोशीले पनि एमबिबिएस अध्ययन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाटै पुरा गर्नुभएको छ । प्रतिष्ठानको पहिलो ब्याचका जोशीले भन्नुभयो," कर्णाली आएर अध्ययन गर्न पाउनु हाम्रा लागि ऐतिहासिक अवसर हो । पूर्वाधार र सडकको अझै अभाव भएकाले राज्यले प्राथमिकता दियो भने जुम्ला भविश्यमा स्वास्थ्य पर्यटनको 'हब' नै बन्नसक्छ।" नुरजाह र समीर जस्तै एमबिबिएस पहिलो ब्याचको अध्ययन सम्पन्न गर्नुभएका बैतडीका हेमलता चन्दले इच्छाशक्तिका अगाडि विकटता र समस्या गौण बन्दारहेछन् भन्ने कुरा प्रतिष्ठानमा पढ्दै गर्दा बोध भएको बताउनुभयो । आफ्नो एमबिबिएस पढ्ने सपना पुरा भएकोप्रति खुसी व्यक्त गर्दै चन्दले भन्नुभयो, "सुरुमा जुम्ला प्रवेश गर्दा कतै आफूले देखेको सपना तुहिने हो कि भन्ने त्रास थियो। विस्तारै दोस्रो, तेस्रो ब्याच थपिँदै गयो। सङ्कायको पनि साथ सहयोग अति राम्रो तरिकाले पाइयो । साँच्चै भन्नुपर्दा जुम्ला हाम्रो 'करियर'को जग बनेको छ।"

प्रतिष्ठानका उपकुलपति प्राडा मेन्याङ्म्बोका अनुसार पहिलो ब्याचमा १८ जना उत्पादन हुनु कर्णाली र राज्यका लागि खुसीको सन्देश भएको बताउनुभयो। उहाँले हिमाली क्षेत्रको जुम्लामा स्थापित प्रतिष्ठानले देश तथा विदेशलाई डाक्टर जनशक्ति दिन सुरु गर्नु ऐतिहासिक उपलब्धि भएको जनाउनुभयो। उहाँका अनुसार कर्णालीमा उत्पादन भएका एमबिबिएस डाक्टरहरुले केही महिना जुम्लामा व्यावहारिक अभ्यास (इन्टर्नशीप) गर्नेछन्। एक वर्षको इन्टर्नशीपपछि नेपाल मेडिकल काउन्सिलको परीक्षा दिएर सफल भएपछि आधिकारिक डाक्टर बनेर चिकित्सकीय सेवामा लाग्ने उहाँले बताउनुभयो । प्रतिष्ठानका अनुसार अहिले जुम्लामा डाक्टरी पढ्न भारतीय नागरिक पनि आउन थालेका छन् ।

प्रतिष्ठानमा एमबिबिएस अध्यापनरत सहायक प्राध्यापक लोकजन सिंहले कर्णाली प्रतिष्ठानमा अब छैटौं ब्याच चलिरहेको जानकारी दिनुभयो। २०७८ मंसिर २६ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले जुम्लामा एमबिबिएस कक्षाको औपचारिक उद्घाटन गर्नुभएको थियो। उतिबेलादेखि आजसम्म प्रतिष्ठानले निरन्तर छैटो ब्याचसम्म पढाई गरिरहेको छ। प्रतिष्ठानका उपकुलपति मेन्याङ्म्बोले आगामी वर्षमा एमबिबिएसको थप कोटाका लागि सरकारसँग माग गरिने बताउनुभयो ।

प्रतिष्ठानले एमबिबिएस डाक्टर उत्पादन गर्न थालेपछि यहाँका नागरिक तथा सरोकारवालाहरुले पनि खुसी व्यक्त गरेका छन्। कर्णाली स्वास्थ्य स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालका संस्थापक तथा पहलकर्ता संविधानसभा सदस्य नरेश भण्डारीले हिजो सामान्य स्वास्थ्यकर्मी नपाउने जुम्लाले एउटा अत्यासलाग्दो कालखण्ड पार गरेर आज विशेषज्ञ डाक्टर उत्पादन गरी देश तथा विदेश निर्यात गर्ने सक्षमता राख्ने विषय चानचुने नभएको बताउनुभयो। उहाँले भन्नुभयो, "संसारमा असम्भव भन्ने कुनै चिज छैन । इच्छाशक्तिका अगाडि जस्तासुकै चुनौतीका पहाडहरु मैदानमा परिणत हुन सक्छन् । नेपालको सन्दर्भमा मानव विकास सूचाङ्क बदल्न पछिल्लो समयमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको ठूलो योगदान रहेको छ। यद्यपि यो संरचना निर्माण हुने र यसले मुलुकलाई नै चिकित्सकीय सेवा दिने जनशक्ति उत्पादन गर्ला भन्ने कुरा सम्भव ठानिएको थिएन, जुन आज सम्भव भएको छ।" नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महतले स्वास्थ्य क्षेत्रको विकासमा मात्र नभई कर्णालीको आर्थिक तथा सामाजिक रुपान्तरणमा प्रतिष्ठानको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। "हिजो उपचारका लागि लाखौं खर्च गर्नुपर्थ्यो । आज यहीँ उपचार सम्भव भएको छ। उतिबेला एक जना मेडिकल अधिकृतका लागि सरकारसँग हारगुहार गर्नुपर्ने बाध्यता भोगेको जुम्लाले आज आफै विशेषज्ञ डाक्टर उत्पादन गरेको छ", उहाँले भन्नुभयो, प्रतिष्ठानमा स्कुल अफ मेडिसिन, स्कुल अफ नर्सिङ र स्कुल अफ पब्लिक हेल्थ तीन वटा विधामा अध्ययन हुने गर्दछ। स्कुल अफ मेडिसिनमा एमबिबिएस र बि-फर्मा इन क्लिनिकल फार्मेसी पढाई भइरहेको छ । नर्सिङमा मिडवाफ्री स्नातक र बिएन समेत अध्ययन भइरहेको छ। यसैगरी स्नातकोत्तर तहका विभिन्न विषय पढाई भइरहेको छ ।

भारतीय आठ विद्यार्थी एमबिबिएस अध्ययन गर्दै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा डाक्टर पढ्न छिमेकी देश भारतबाट पनि आठ विद्यार्थी अध्ययन गरिरहेका छन्। एमबिबिएस चौथो ब्याचमा उत्तराखण्ड, मध्यप्रदेश र जम्मु काश्मीरबाट एक/एक जना अध्ययन गरिरहेका छन् । त्यस्तै, छैटौं ब्याचमा पाँच भारतीय विद्यार्थीहरु एमबिबिएस डाक्टर अध्ययन गरिरहेका छन् । ब्याचलर इन क्लिनिकल फार्मेसीको पहिलो ब्याज ११ जना पास आउट भइसकेका छन् । दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैटौं ब्याजमा क्रमश १७, १७, १६, १४, १४ गरी ७८ जना विद्यार्थी अध्ययन गरिरहेका छन्। त्यस्तै, ब्याचलर अफ मिडवाईफेरी साइन्समा पहिलो, दोस्रो, तेस्रो र चौथो ब्याजका ६, ९ ७, ८ गरी ३० जना विद्यार्थी पास अउट भएका छन् भने पाँचौमा पाँच र छैटौंमा एक जना विद्यार्थी अध्ययनरत रहेको जनाइएको छ । ब्याचलर अफ नर्सिङ साइन्समा पहिलो ब्याजमा सात र दोस्रो ब्याजमा १५ जना पास आउट भएका छन् । तेस्रो, चौथो, पाँचौ र छैटौं ब्याजमा क्रमशः १२, १४, १३, १३ गरी ५२ जना अध्ययनरत छन्। बीएस्सी नर्सिङमा पहिलो, दोस्रो र तेस्रो ब्याजमा क्रमशः २०, १९, २० गरी ५९ जना अध्ययन गरिरहेका छन् ।

स्कुल अफ पब्लिक हेल्थको स्नातकोत्तर तहको पहिलो ब्याचमा पाँच जना पास आउट र दोस्रो र तेस्रो ब्याजमा पाँच/पाँच जना अध्ययनरत छन्। स्नातक तहको पहिलो, दोस्रो, तेस्रो र चौथो ब्याचमा क्रमशः २०, १८, ८, ११ गरी ५७ जना पास आउट भएका छन् भने पाँचौ, छैटौं, सातौं र आठौं ब्याचमा १३, १४, १५, १५ गरी ५७ जना अध्ययनरत छन् । स्कूल अफ फार्मेसीअन्तरगत स्नातकोत्तर तहको पहिलो ब्याचमा दुई जना पास आउट र दोस्रो ब्याचमा एक जना अध्ययनरत छन्। ब्याचलर इन क्लिनिकल फार्मेसीको पहिलो ब्याचमा ११ जना पास आउट भएका छन् । दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैटौं ब्याचमा क्रमश १७, १७, १६, १४, १४ गरी ७८ जना विद्यार्थी अध्ययन गरिरहेको प्रतिष्ठानले जनाएको छ ।

## गुरुहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु–शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,

शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

# नागपञ्चमी को मौलिकता हराउँदैः पुरानापुस्ता चिन्तित

पाल्पा । वैदिक कालदेखि माउँदै आइएको पर्व नागपञ्चमीका दिन पहिलेपहिले गाउँघरमा बिहानैदेखि चहलपहल हुन्थ्यो । घरका मूलढोका, गोठ र तुलसीको मठमा नागको चित्र टाँसिन्थ्यो । गाईको गोबर, दूध, अक्षता, फूल र दुबो लिएर नाग देवताको पूजा गरिन्थ्यो भने पुरोहित घरघर पुग्थे ।

प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी सोमबार परेको थियो । हिजो (सोमबार) परम्पराअनुसार नागको पूजाअर्चना गरी घरका मूलढोकामा तस्बिर तथा प्रतिमा टाँसेर यो पर्व मनाइएको छ । यसरी नागको तस्बिर टाँस्दा वर्षभर घरमा नाग, सर्प, बिच्छी लगायत जीवले दुःख नदिनुका साथै अग्नि, मेघ र चट्याङको भयबाट पनि बच्न सकिन्छ भन्ने धार्मिक विश्वास छ । यस पर्वसँग जोडिएको मौलिक संस्कार भने पछिल्लो समय विस्तारै हराउँदै गएको भन्दै पुरानापुस्ता चिन्तित बनेका छन् । धार्मिक तथा सांस्कृतिक पक्षभन्दा देखावटी, सामाजिक सञ्जाल र बजारमुखी प्रवृत्तिले पर्वको प्राथमिकता र महत्त्व हराउन थालेको यहाँका ज्येष्ठ नागरिक बताउँछन् ।

"पहिले नागपञ्चमी भनेपछि घर सफा गर्ने, नागको चित्र बनाउने, पूजा गर्ने र परिवारका सबै सदस्य मिलेर बिहानैदेखि नागको पूरा गर्ने परम्परा थियो", माथागढी गाउँपालिकाका ८३ वर्षीय कृष्ण पराजुलीले भन्नुभयो, "अहिले बजारमा तयार भएका चित्र ल्याएर टाँस्ने र पूजा गरेजस्तो गर्ने चलन बढेको छ । नयाँ पुस्ताले यसको अर्थ र महत्व बुझ्न पाएका छैनन् ।"

पहिला नागपञ्चमीको तयारी हप्तौंदिन अघिदेखि हुने बताउँदै पुरानो पुस्ताका लागि नागपञ्चमी एउटा धार्मिक पर्व मात्र नभई घर, खेत, गोठ र प्रकृतिसँग जोडिएको संस्कारका रूपमा रहेको उहाँले अनुभव सुनाउनुभयो । "पहिले गाउँघरमा नागपञ्चमीका लागि आवश्यक सामग्री जुटाउने काम केही दिनअघिदेखि नै सुरु हुन्थ्यो । अहिले पसलमा सबै सामान पाइन्छन्", तानसेन काजीपौवाकी ७५ वर्षीया कमला रायमाझीले भन्नुभयो, "घरमै चाहिने सामग्री जुटाउनुपर्थ्यो । त्यसैले पनि पर्व आउनुअघि छुट्टै उत्साह हुन्थ्यो ।" पर्वसँग जोडिएको सामूहिकता, मौलिक भाषा, कथा, लोकविश्वास र प्रकृतिप्रतिको सम्मान हराउँदै गएकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो । रायमाझीले भन्नुभयो, "समयसँगै संस्कार परिवर्तन हुन्छ । परिवर्तन हुनु नराम्रो होइन, तर परिवर्तनका नाममा आफ्नो मौलिकता, परम्परा र इतिहास बिर्सनु हुँदैन ।" घरका मूल ढोकामाथि नागका तस्बिरमा दही, दुबो, लाजा, चन्दनअक्षता, नैवेध, धुपदीपसहित विधिपूर्वक पूजा गर्ने चलन भए पनि पछिल्लो समय यस्तो परम्परा हराउँदै गएको उहाँले बताउनुभयो ।

पछिल्लो समय मानिसमा बढेको आधुनिकपन, देखासिकी, व्यस्ततालगायत कारणले पनि जतिसक्दो छिटो नाग टाँस्ने र पूजा सक्ने चलन बढेसँगै परम्परागत पूजा विधि लोप हुँदै गएको स्थानीय पराजुलीले बताउनुभयो । सहरी जीवनले नागपञ्चमीको स्वरूपलाई अझ धेरै परिवर्तन गरेको छ । अपार्टमेन्टमा बस्ने, व्यस्त सहरी जीवनयापन गर्ने बढ्दै जाँदा यस्ता परम्परा ओझेलमा पर्ने गरेका उहाँको बुझाइ छ ।

गाउँमा भने अझै पनि कतिपय ठाउँमा परम्परागत विधि कायम छन् । तर बसाइँसराइ, युवापुस्ताको विदेश पलायन र आधुनिक जीवनशैलीका कारण पुराना संस्कार निरन्तरता पाउने विषयमा प्रश्न उठ्न थालेको पण्डित विष्णु आचार्यले बताउनुभयो । विधिविधान र पुरानो रितिथितिअनुसार नागपूजा गर्न कठिन हुने बताउँदै सोही कारणले सहरी क्षेत्रमा यसको महत्त्व घट्दै गएको उहाँले उल्लेख गर्नुभयो ।

"विधि विधानअनुसार पूजाआजा गर्न खोजे पनि पछिल्लो समय सहरी भेगमा शुद्ध गाईको दूध, गोबर तथा दुबो अभाव हुन थालिसकेको छ", पण्डित आचार्यले भन्नुभयो, "कति सामग्री जुटाउने कठिन हुन थालिसकेको छ । नाग टाँस्दा सिक्का पनि टाँस्ने चलन छ, अचेल सिक्का पाउनै मुस्किल भइसकेको छ ।"

नयाँ पुस्ता के भन्छन् ?

नयाँ पुस्ताका लागि नागपञ्चमीको अर्थ पुरानो पुस्ताको भन्दा केही फरक छ । युवाहरूले परम्परासँग जोडिएका सांस्कृतिक र पर्यावरणीय पक्ष खोज्नुपर्ने बताउँछन् । कतिपय युवाहरू नागपञ्चमीलाई प्रकृति र जैविक विविधतासँग जोडेर बुझ्नुपर्ने बताउँछन् । बागलुङका नीरज शर्माले नागपञ्चमी पर्व संस्कृतिसँगै सर्प र वातावरण संरक्षणका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो । पुरानोपुस्ताले जोगाएको संस्कार र नयाँपुस्ताले खोजेको वैज्ञानिक चेतनाबीच संवाद गराउने एउटा अवसर नागपञ्चमी रहेको उहाँको बुझाइ छ ।

नाग मासिँदैछन् ?

नागपञ्चमीका दिन घरमा नाग टाँसेपछि खेतबारीमा खनजोत गर्न हुँदैन र नाग, सर्पलगायत घिस्रने जनावरलाई मार्नु हुँदैन भन्ने मान्यता थियो । यस दिन घरका ढोकामा कागजका नागका तस्बिर टाँसेर पूजा गर्ने प्रचलन छ । तर वातावरण सन्तुलन कायम राख्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने नाग पहिल्लो समय वास्तवमै मासिँदै गइरहेका छन् ? भन्ने गम्भीर प्रशन् उब्जाएको छ । नाग पुज्दै आइएको हाम्रो समाजमा सर्प देख्ने बित्तिकै मार्ने चलन अझै पनि छ । सोही कारण सर्प जमिनबाट नासिँदै गएका सर्प र भ्यागुताको अध्ययन गर्दै आउनुभएका गुल्मीका विष्णु अधिकारीले बताउनुभयो । मानवीय कारणले सर्प लोपोन्मुख बन्दै गएका अनुसन्धानकर्ताले बताएका छन् ।

"सर्पले टोक्ने बित्तिकै मानिस मर्छ भन्ने परम्परागत धारणा मानिसमा छ", अध्ययनकर्ता अधिकारीले भन्नुभयो, "यसले टोकेर मानिस मरिहाल्दैन । असावधानी अपनाउँदा र झारफुकमा लाग्दा जोखिम बढी हुन्छ ।" त्यसमाथि सबै सर्प विषालु नहुने भएकाले आवश्यक सावधानी अपनाउनु र चिकित्सकको निगरानीमा बस्नुपर्ने उहाँको सुझाव छ । आवश्यक सावधानी अपनाउँदा र चाँडै अस्पताल पुग्दा विषालु सर्पले टोके पनि मानिसको ज्यान बच्ने उहाँले सने अवसरमा बताउनुभयो । अधिकारीले सर्प पनि नागकै रुप भएकाले यिनीहरूलाई जोगाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "सर्प पनि नाग नै हुन् । यी प्रकृतिका लागि आवश्यक पर्ने, धार्मिक मान्यताअनुसार नागको पूजा गर्दा नाग, सर्प, बिच्छीलगायत जीवले दुःख नदिनेतथा अग्नि, मेघ र चट्याङको भयबाट बच्न सकिने धार्मिक विश्वास छ ।"

# प्रधानमन्त्री र गण्डकी प्रदेशका मुख्यमन्त्रीबीच भेटवार्ता

गण्डकी । प्रधानमन्त्री बालेन्द्र शाहसँग गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सोमबार भेट गर्नुभएको छ । सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा भएको भेटमा उहाँहरूबीच अन्तरसरकार सहकार्य तथा समन्वयका विषयमा छलफल भएको मुख्यमन्त्री पाण्डेका प्रेस संयोजक नरहरि सापकोटाले जानकारी दिनुभयो ।

मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारका तर्फबाट विभिन्न विषयमा सङ्घ सरकारको ध्यानाकर्षण गराउनुभएको उहाँले बताउनुभयो । भेटवार्ताका क्रममा प्रदेश सरकारले बनाएका कानुन कार्यान्वयनमा सहजीकरण, अधिकार प्रत्योजन, जग्गा प्राप्ति, पूर्वाधार विकासलगायत विषयमा छलफल भएको थियो ।

उहाँले नवलपुर जिल्लाको त्रिवेणी गाउँपालिकाको दुम्कीबाँसबास त्रिवेणीसम्मको हुलाकीमार्गको चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने सडक निर्माणका लागि सहजीकरण गरिदिन प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभएको छ । गण्डकी प्रदेशमा प्रस्तावित लोकाहाखोला र पुँडीटार औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्ति तथा मनाङ, मुस्ताङ र गोरखा जिल्लाको उत्तरी क्षेत्रमा पर्ने जग्गाको नापी तथा दर्ताका लागि आवश्यक व्यवस्था मिलाउन मुख्यमन्त्री पाण्डेले प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभएको प्रेस संयोजक सापकोटाले जानकारी दिनुभयो ।

त्यस्तै अन्नपूर्ण संरक्षण र मनास्लु संरक्षण क्षेत्रअन्तर्गत पर्ने वन क्षेत्रलाई प्रदेश सरकारको मातहतमा ल्याउने तथा ती संरक्षण क्षेत्रभित्रका नदीजन्य पदार्थको सङ्कलन, व्यवस्थापन र उपयोग गर्न स्थानीय तहलाई अधिकार प्रदान गर्ने विषयमा छलफल भएको प्रेस संयोजक सापकोटाले बताउनुभयो ।

मुख्यमन्त्री पाण्डेले 'गण्डकी प्रदेश घरेलु मदिरा ऐन, २०८२' कार्यान्वयनका लागि औद्योगिक व्यवसाय नियमावलीको उद्योग स्थापनासम्बन्धी अधिकार प्रत्यायोजन तथा घरेलु मदिराको अन्तःशुल्कको दर निर्धारणका लागि सहजीकरण गरिदिन प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभएको थियो । त्यस्तै प्रदेश सरकारले निर्माण गरेको औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि 'गाँजाखेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८३' कार्यान्वयनका सम्बन्धमा प्रधानमन्त्री र मुख्यमन्त्रीबीच छलफल भएको थियो । अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरण र आमसञ्चारमाध्यमको इजाजतपत्र नवीकरणसम्बन्धी कार्य प्रदेश सरकारबाटै हुने गरी आवश्यक नीतिगत व्यवस्था मिलाउन मुख्यमन्त्री पाण्डेले प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभएको थियो । भेटका क्रममा अन्तरराष्ट्रिय सीमा नाका एवं सीमा क्षेत्रको पूर्वाधार विकास र सीमा व्यवस्थापन, सडक र खानेपानीका अधुरा आयोजना, फेवातालको अतिक्रमित संरचना हटाउने तथा मुआब्जा वितरणलगायतका विषयमा प्रधानमन्त्री शाह र मुख्यमन्त्री पाण्डेबीच छलफल भएको थियो ।

प्रधानमन्त्री शाहले कानुन निर्माण गर्नुपर्ने विषयमा कानुनी सहजीकरण गर्ने बताउँदै सङ्घ सरकारले नीतिगत निर्णय लिने विषयमा आवश्यक समन्वय गर्ने बताउनुभएको प्रेस संयोजक सापकोटाले जानकारी दिनुभयो ।

# चितवनबाट बाघ पर्सा पठाइयो

चितवन । चितवन राष्ट्रिय निकुञ्जले आइतबार नियन्त्रणमा लिएको बाघलाई पर्सा राष्ट्रिय निकुञ्ज पठाएको छ ।

यहाँ राख्ने खोरको अभावका कारण पर्सा पठाइएको हो निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले जानकारी दिनुभयो । शुक्रबार राप्ती नगरपालिका-१ मा देखिएको अन्दाजी चार वर्षको भाले बाघलाई आइतबार बिहान डार्ट गरेर नियन्त्रणमा लिइएको थियो । उहाँका अनुसार अहिले निकुञ्जले समस्या ग्रस्त बाघहरु नियन्त्रणमा लिएर खोरमा राख्ने गरेको छ । हाल निकुञ्जका खोरमा सात वटा बाघ रहेका छन् ।

निकुञ्जमा समस्या ग्रस्त बाघलाई राख्नका लागि खोरको अभावले पर्सा पठाउनु परेको हो । अहिले निकुञ्जको मुख्यालय कसरामा तीन वटा, देवनगरमा दुई वटा र सौराहामा दुई वटा बाघ रहेका छन् । निकुञ्जका खोरमा रहेका बाघमा पाँच वटा भाले र दुई वटा पोथी रहेका छन् ।

निकुञ्जमा खोरको अभावले समस्या ग्रस्त बाघ व्यवस्थापनमा चुनौती थपिएको उहाँले बताउनुभयो । निकुञ्जको खोरमा रहेका बाघमध्ये एउटा बाँकेबाट ल्याइएको हो भने अन्य चितवन राष्ट्रिय निकुञ्ज र आसपासका मध्यवर्ती क्षेत्रबाट समस्या ग्रस्त भएपछि नियन्त्रणमा लिइएको थियो । पछिल्लो गणनाअनुसार यस निकुञ्जमा १४५ वटा बाघ रहेका छन् । यो निकुञ्ज सबैभन्दा धेरै बाघ भएको निकुञ्ज हो ।

निकुञ्जको वरिपरि बस्ती भएकाले जुनसुकै बेला थप बाघ नियन्त्रणमा लिनुपर्ने अवस्था आएमा ठाउँको अभाव हुने उहाँले बताउनुभयो । चितवन राष्ट्रिय निकुञ्जभित्रका खोरमा बाघ थपिँदा आहारा पुर्याउनसमेत कठिन बन्दै आएको छ ।

# कीर्तिपुरमा बाघभैरव जात्रा

काठमाडौं । बाघभैरव मन्दिर कीर्तिपुरमा प्रत्येक वर्ष भदौ १ गते मनाइने बाघभैरव जात्रा सोमबार मनाइएको छ ।

बाघभैरवको मूर्तिको स्थापना दिवसका अवसरमा सोमबार उक्त जात्रा मनाइएको हो । गोपालराज वंशावलीका अनुसार कीर्तिपुरको स्थापना राजा शिवदेव तृतीयले नेपाल संवत्को २१९ देखि २४६ को बिचमा गरेको उल्लेख छ । कीर्तिपुर स्थापना कालसँगै बाघभैरवको पनि स्थापना भएको मानिँदै आएको छ । एक किवदन्ती अनुसार, बाघभैरव भएको स्थानमा पहिलो जङ्गल रहेकाले त्यहाँ गोठालाले भेडाबाखा चराउने क्रममा माटोबाट बनेको जिब्रो नभएको बाघको मूर्ति बनाएका थिए ।

त्यही मूर्तिमा भैरवको रुप धारणा गरी बाघले भेडाबाखा, राँगालगायतका चौपाया खाइदियो । त्यही रिसले गोठालाले त्यो माटो बाघको मूर्तिमा जीब्रो नहालेकाले त्यहाँको बाघभैरवको मूर्तिमा जिब्रो नभएको भन्ने गरिएको छ । पहिला होम अनुष्ठानसहित पूजा गरी उक्त जात्रा मनाउने गरिएकामा विसं २०१३ भदौदेखि मात्र बाघभैरवको खटजात्रा चलाउन थालिएको संस्कृतिविद् डा ब्रजमुनि बज्राचार्यले जानकारी दिनुभयो ।

बाघभैरव मन्दिरमा तीनवटा मूर्ति छन् । त्यस मध्ये करिब १२ इन्चको सानो मूर्तिलाई लक्ष्मी बुङ्गलमा लगेर स्थान गरिन्छ । त्यही बाघभैरवको मूर्तिलाई विभिन्न बाजासहित चार जनाले आज खटमा बोकेर कीर्तिपुरको नगर परिक्रमा गराइने परम्परा छ । उक्त खट जात्रा बाघभैरव मन्दिरबाट सुरु भइ चिथु टोल, तननी, सिंह दबु, दे पुखु, गल्छें, ल्याकू हुँदै पुन बाघभैरव मन्दिर विसर्जन हुने कीर्तिपुर वडा १ का अध्यक्ष इच्छाकुमार महर्जनले जानकारी दिनुभयो ।

# दिगो र भरपर्दो विद्युत आपूर्ति चुनौतीपूर्ण

काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले देशमा उत्पादित विद्युत खेर जाने अवस्था अन्त्य गर्न माग र आपूर्तिबीच सन्तुलन कायम गरी प्रसारण सञ्जाल अघि बढाइने बताउनुभएको छ ।

मन्त्री श्रेष्ठले नेपाल विद्युत प्राधिकरणको ४१औं वार्षिकोत्सवका अवसरमा उहाँले विद्युत खेर जाने अवस्था अन्त्य र आपूर्ति सन्तुलन कायम गर्न मन्त्रालयको स्पष्ट कार्ययोजना रहेको प्रष्ट पार्नुभयो ।

"अतिरिक्त विद्युत्लाई तेस्रो बजारमा निर्यात गरी वैदेशिक व्यापार घाटा न्यूनीकरण गर्दै जाने मार्गमा अगाडि बढेका छौं", उहाँले भन्नुभयो, "हिजोका दिनमा विद्युत्को पहुँच विस्तार गर्नुपर्ने चुनौती थियो भने आज ग्राहकलाई दिगो र भरपर्दो विद्युत् आपूर्ति चुनौतीपूर्ण देखिएको छ ।" अर्को वर्षपछि मन्त्रालयको प्राथमिकता वितरण प्रणालीको आधुनिकीकरणमा हुने बताउँदै मन्त्री श्रेष्ठले भन्नुभयो, "उपभोक्ताले विद्युत पाउने मात्र होइन, भरपर्दो, गुणस्तरीय र अविच्छिन्न विद्युत सेवा पाउने अवस्था सिर्जना गर्नुपर्छ भन्ने हाम्रो स्पष्ट धारणा छ ।"

उहाँले पुराना तथा जीर्ण संरचनाको प्रतिस्थापन, क्षमता अभिवृद्धि, स्मार्ट प्रणालीको प्रयोग, चुहावट नियन्त्रण, माग व्यवस्थापन र सेवा प्रवाहमा डिजिटल प्रविधिको विस्तार अब विकल्प नभइ आवश्यकता भएको बताउनुभयो ।

ऊर्जा क्षेत्रको बृहत्तर विकासका लागि सरकारको लगानी मात्र नभएर ठूला पूर्वाधार निर्माणका लागि उल्लेख्य पुँजी आवश्यक रहेको बताउँदै मन्त्री श्रेष्ठले निजी क्षेत्र, वित्तीय संस्था, विकास साझेदार र अन्तरराष्ट्रिय लगानीकर्ताको साझेदारीमा आयोजना अघि बढाइने जानकारी दिनुभयो ।

आर्थिक वर्षमा सरकारको ध्यान प्रसारण पूर्वाधारको विस्तार र सुधारमा केन्द्रित रहेको बताउँदै मन्त्री श्रेष्ठले उत्पादन बढ्दै जाँदा उच्च विद्युत भार वहन गर्ने प्रसारण प्रणाली कमजोर रह्यो भने उत्पादनको अर्थ नरहने पनि स्पष्ट पार्नुभयो ।

# नेप्से परिसूचक सामान्य अंकले घट्यो

काठमाडौं । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सामान्य अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक दुई दशमलव शून्य एक अङ्कले घटेर दुई हजार ६४१ दशमलव ८२ मा पुगेको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव शून्य आठ अङ्कले घटेर ४६३ दशमलव ६४ मा पुगेको छ । फ्लोट सूचक शून्य दशमलव ४७ अङ्कले घटेर १८१ दशमलव २८ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव ४९ अङ्कले घटेर १५६ दशमलव ६४ मा पुगेको छ । आज विभिन्न कम्पनीका एक करोड १९ लाख ३२ हजार ३५ कित्ता सेयर रु पाँच अर्ब ५२ करोड ५५ लाख ११ हजार ८७२ मूल्यमा खरिद बिक्री भएको छ । १३ उपसमूहमध्ये पाँच उपसमूहको सेयर मूल्य बढेको छ भने आठ उपसमूहको मूल्य घटेको छ । ७२ कम्पनीको सेयर मूल्य बढ्दा २०१ कम्पनीको मूल्य घट्नुका साथै पाँच कम्पनी स्थिर रहेका छन् । नेप्सेका अनुसार सोमबार सर्वोत्तम पेन्ट्स इन्डिष्ट्रज, माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट कम्पनी, रिलाइन्स स्पिनिड मिल्सलगायत कम्पनीका लगानीकर्ताले कमाएका छन् ।

# ढोरपाटन हिंडेका पर्यटकलाई सडकका कारण सास्ती

बागलुङ । मनसुन सुरु भएसँगै बागलुङको ढोरपाटनमा पर्यटकीययाम थप सक्रिय हुन्छ । ढोरपाटनमा फुल्ने अनेकौ बुकी फूल हेर्नका लागि हजारौं पर्यटक साउन-भदौमा यहाँ आउने गर्दछन् ।

मनसुनमा ढोरपाटन सुन्दर देखिए पनि ढोरपाटन पुग्ने सडकले पर्यटकलाई सास्ती दिने गरेको छ । नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पर्यटकको सङ्ख्या बढे पनि बर्खामा सडक यात्रा भने जोखिम हुने गरेको आगन्तुक बताउँछन् ।

पक्की सडकको यात्रामा बागलुङबाट मध्यपहाडी लोकमार्ग हुँदै बुर्तिवाङ पुगेपनि बुर्तिवाङबाट ढोरपाटन सम्मको सडककच्ची छ । सडक स्तरोन्नतिको चरणमा रहेपनि बर्खामा मनोरम दृश्य हेर्न गएका पर्यटकलाई यात्राका क्रममा सास्ती हुने गरेको हो ।

बुर्तिवाङ-ढोरपाटन सडकका १२ भन्दा बढी स्थानमा दैनिकजसो पहिरो खसिरहेकाले यात्रा गर्दा जोखिम भइरहेको छ । अघिल्लो साता पर्यटक बोकेर हिडेको स्कार्पियो पहिरोले पुरेर उक्त साधनलाई क्षति पुर्याएको थियो । जीपमा सवारको सकुसल उद्दार गरेपनि यहाँको यात्रा बर्खामा जोखिमपूर्ण हुने गरेको उक्त घटनाले चित्रण गर्दछ ।

त्यस लगत्तै पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले सडकको अनुगमन गरेर कालोपत्र गर्न पहल गर्ने प्रतिबद्धतासमेत जनाउनुभएको थियो । राष्ट्रिय प्राथमिकता को आयोजना सालझण्डी-ढोरपाटन सडकअन्तर्गत बागलुङको बुर्तिवाङ-फल्लेघर खण्डको २२ किलोमिटर सडक स्तरोन्नति भइरहेको भन्दै सडक चौडा बनाउँदा यसपटकको बर्खामा अत्याधिक पहिरो खसेको ढोरपाटन नगरपालिकाका कार्यवाहक नगरप्रमुख धनबहादुर कायतले जानकारी दिनुभयो ।

उहाँका अनुसार २२ किमी सडक चौडा बनाएर ग्राभेल गरेपनि बर्खामा नयाँ सडकमा सवारी फस्ने समस्या भने यथावत छ । खासगरी फल्लेघर, सुकुर्दङ लगायत क्षेत्रमा पहिरो खस्ने र हिलाम्मे सडकमा सवारी फस्ने समस्या बढी हुँदा यात्रीलाई सास्ती हुने गरेको कायतको भनाइ छ । ३० महिनाभित्र काम सम्पन्न गर्ने गरी विसं २०७८ कात्तिक ५ गते स्वच्छन्द-ओमबुद्ध जेभीले सम्झौता गरेकामा कम्पनीले कामा ढिलासुस्ती गर्दा यात्रु र पर्यटनलाई समस्या भइरहेको कार्यवाहक नगरप्रमुख कायतले बताउनुभयो ।

"हिउँदमा सक्नुपर्ने सडक बर्खामा काम गर्दा समस्या भयो । अहिले सडक चौडा बनाएपछि पहिरो खस्ने सकस्या बढेको छ ।

पर्यटकको चाप अत्याधिक भएपनि यात्रुको सुरक्षालाई मध्यनजर गर्दै रातको समयमा सवारी साधन नचलाउन आग्रह गरिएको छ", उहाँले भन्नुभयो, "सडक ग्राभेल भएपछि ढोरपाटनसम्मको आवागमन सडक सहज भएपनि बर्खामा पहिरो खसेर समस्या भएको हो ।" करिब रु २५ करोड ६१ लाख ३१ हजार १६६ को लागतमा उक्त सडकखण्ड स्तरोन्नति गरिएको सालझण्डी-ढोरपाटन सडक आयोजनाका सूचना अधिकारी परीक्षा पौडेलले जानकारी दिनुभयो ।

गत मङ्सिरमा तेस्रो पटक म्याद थप गरिएको बताउँदै उहाँले काम नसकिएपछि गत जेठ मसान्तसम्मका लागि अन्तिम पटक म्याद थपेर काम भइरहेको उल्लेख गर्नुभयो ।

ढोरपाटनको सुन्दरता मनमोहक र पर्यटकलाई आकर्षित गर्ने किसिमको भएपनि बर्खामा यात्रा भने कष्टकर रहेको काठमाडौंबाट ढोरपाटन र बुकीपाटन घुम्न आउनुभएका सञ्जय रानाभाटले गुनासो गर्नुभयो ।

"ढोरपाटनको सुन्दरता जति बयान गरे पनि कम हुन्छ, तर यात्रा पनि उस्तै कष्टकर देखियो । नयाँ स्तरोन्नति भइरहेको सडकमा मोटरसाइकल फसेर हैरान भयो", उहाँले भन्नुभयो ।

रुपन्देहीको सालझण्डीबाट सुरु भएको यो सडक अर्घाखाँचीको सन्धिखर्क, पाल्पा, गुल्मी हुँदै बागलुङको ढोरपाटनसम्म आएको छ ।

पछिल्लो समय ढोरपाटन, बुकीपाटन र जलजला क्षेत्रमा पर्यटकको आगमन बढ्दै गएकाले सडकलाई नियमित सञ्चालन गर्नका लागि नगरपालिका र आयोजना कार्यालयले समन्वय गरेर पटकपटक अवरुद्ध मार्ग खुलाउँदै आएका छन् ।

ढोरपाटनमा गत आर्थिक वर्षमा मात्रै ३७ हजार पर्यटक भित्रिएका जनाउँदै कार्यवाहक नगरप्रमुख कायतले पर्यटकीय पूर्वाधार निर्माण, प्रचारप्रसार र होटल सुविधाले ढोरपाटनमा पर्यटक आगमन बढिरहेको बताउनुभयो ।

## विपद् जोखिम न्यूनीकरण प्रतिकार्यमा जोड

काठमाडौँ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुनजन्य विपद्बाट प्रभावित परिवारलाई तत्काल राहत, अस्थायी आवास तथा पुनःनिर्माण अनुदान उपलब्ध गराउने जनाएको छ ।

प्राधिकरणले रोल्पा, जाजरकोट र बाजुरालगायतका जिल्लामा पहिरोबाट भएको जनधनको क्षतिपछि खोज, उद्धार तथा राहत व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तह, जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति तथा अन्य निकायलाई निर्देशन दिएको छ ।

प्राधिकारणद्वारा सोमबार (हिजो) आयोजित पत्रकार सम्मेलन कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले विपद्बाट हुने धनजनको क्षति न्यूनीकरण गर्न पूर्वतयारी र प्रतिकार्यलाई थप प्रभावकारी बनाउँदै विपद्पछि खोज उद्धार र समयमा नै राहत व्यवस्थापनलाई जोड दिइएको बताउनुभयो । "प्रभावित परिवारलाई अनुदान उपलब्ध गराउन तत्काल प्रक्रिया अघि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिइसकेका छौँ", उहाँले भन्नुभयो, "मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ अनुसार प्रभावित परिवारलाई राहत तथा अनुदान उपलब्ध गराउन सरकारी निकाय, सहयोगी निकाय, सङ्घसंस्था, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज तथा सञ्चार क्षेत्रलाई आग्रह गरिएको छ ।"

प्राधिकरणका उपसचिव रामबहादुर केसीले विपद्का कारण अवरुद्ध सडक, खानेपानी, सिँचाइलगायत अत्यावश्यक सेवा तत्काल सञ्चालनमा ल्याउन, नदी कटान तथा पहिरो नियन्त्रण गर्न र प्रभावित परिवारलाई मनोसामाजिक परामर्श तथा स्वास्थ्योपचारलगायत सेवा उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिएको जानकारी दिनुभयो ।

त्यस्तै रोल्पाको थवाङ र सुनछहरी गाउँपालिका, बाजुराको त्रिवेणी नगरपालिका तथा जाजरकोटको भेरी नगरपालिका-२ र आसपासका क्षेत्रमा प्रारम्भिक भौगर्भिक अध्ययन गर्न प्राधिकरणको नेतृत्वमा तीन दिनभित्र अध्ययन टोली परिचालन गर्ने जनाइएको छ ।

प्राधिकरणका प्रवक्ता शान्ति महतले मनसुन सक्रिय रहेकाले देशका अधिकांश स्थानमा वर्षा भइरहेको र हिमाली तथा पहाडी क्षेत्रमा लगातारको वर्षाका कारण जमिन गलेसँगै पहिरोको जोखिम बढेको भन्दै सतर्कता अपनाउन आग्रह गर्नुभयो ।

प्राधिकरणले विपद् पूर्वतयारी तथा प्रतिकार्यमा सहयोग, सहकार्य र साझेदारीका लागि विकास साझेदार, सङ्घसंस्था, नागरिक समाज, सञ्चार क्षेत्र, निजी क्षेत्र तथा आम नागरिकलाई समेत अनुरोध गरेको छ ।

## मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान

मकवानपुर । बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले बागमती प्रदेशमा मुख्यमन्त्री नियुक्तिका लागि यही भदौ ४ बिहीबार अपरान्ह ४.०० बजेभित्र दाबी पेस दाबी पेस गर्न आह्वान गर्नुभएको छ ।

प्रदेश प्रमुख देवकोटाले सोमबार विज्ञप्ति जारी गर्दै नेपालको संविधान बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्तिका लागि दाबी पेस गर्न आह्वान गर्नुभएको हो । प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सोमबारै आफनो पदबाट राजिनामा दिनुभएको हो । नयाँ सरकार गठनका लागि आवश्यक बहुमत जुट्ने अवस्था नदेखिएपछि बानियाँले प्रदेशसभा बैठकमा राजीनामाको घोषणा गर्दै प्रदेश प्रमुखसमक्ष राजीनामा पेस गर्नुभएको हो । गत ६ साउनमा नेकपा (एमाले) ले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि बानियाँ नेतृत्वको सरकार अल्पमतमा परेको थियो । प्रदेश प्रमुख देवकोटाले गर्नुभएको आह्वानअनुसार बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यले दलहरुको समर्थनसहित मुख्यमन्त्री पदमा नियुक्तिका लागि दाबी पेस गर्नुपर्ने छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमी प्रशासन कार्यालय, धादिङ

**छुट जग्गा दर्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८३/०५/०१

धादिङ साविक मैदी गा.वि.स. वडा नं. ९ हाल ज्वालामुखी गाउँपालिका वडा नं. १ बस्ने गणेश बहादुर कुमालको पत्नी जुनमाया कुमालले सुसे कुमालको नाममा फिल्डबुक कायम भएको तपशिल बमोजिमको जग्गा दर्ता नामसारी गरी पाउँ भनी निवेदन पेश गरेकोमा हकदावी सम्वन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त कित्ता जग्गाहरुमा जग्गाधनी अरुकोही भए वा अरु कसैको हक भोग भएमा साथै हकदार अरु कोही भएमा र सो जग्गा सरकारी, सार्वजनिक भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र उजुर गर्न आउनु होला । अन्यथा निवेदकको नाममा नियमानुसार जग्गा दर्ता नामसारी गर्ने तर्फ कामकारवाही अगाडी बढाइने व्यहोरा सर्वसाधारण एवं सरोकारवालाको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| फिल्ड बुकमा जग्गा धनीको नाम,थर | फिल्ड बुकमा जग्गा धनीको बाबु,बाजेको नाम,थर | गा.वि.स. | वडा नं | कि. न. | क्षेत्रफल | निवेदक/हकवालाको नाम,थर | निवेदकको मोहि संगको नाता |
|---|---|---|---|---|---|---|---|
| सुसे कुमाल | चाउरे/भिमे | कल्लेरी | ९ण<br>९ण | ११<br>१३ | ०-८-१-०<br>०-७-१-० | जुनुमाया कुमाल<br>ना.प्र.न. २६३०२३।२०९<br>जारी मितिः २०६३।१०।१२<br>धादिङ | पत्नी |
| कैफियत : फिल्ड बुकमा जग्गा धनीको नाम सुसे कुमाल भएको तर निवेदक जुनमाया कुमालको नागरिकताको प्रमाणपत्रमा पतिको नाम गणेश बहादुर कुमाल भएको । | | | | | | | |

भूमी प्रशासन अधिकृत

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,website:epratyush.com